नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)

सिंहदरबार प्लाजा, काठमाडौं ।

सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड (SNLI) को साधारण शेयर सूचीकरण गरिएको

# सूचना

आज मिति २०८०/०६/०२ गते मंगलबार नेपाल स्टक एक्सचेन्ज लिमिटेड र सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड (नेप्से सिम्बोल SNLI) बीच प्रति शेयर अंकित तथा चुक्ता मूल्य रु.१००।- कायम भएको ३,२०,००,००० कित्ता साधारण शेयर सूचीकरण गर्ने सम्झौता सम्पन्न भयो । कम्पनीले सर्वसाधारण समक्ष नेपाल एसबिआई मर्चेन्ट बैकिङ्ग लिमिटेड (धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक) मार्फत साधारण शेयर खुल्ला बिक्री आव्हान गरेको थियो । यसरी सर्वसाधारण लगानीकर्ता शेयरधनीहरु (वैदेशिक रोजगारीमा रहेका नेपाली, सामूहिक लगानी कोष र कर्मचारीहरु समेत) मा वितरण गरिएको ९६,००,००० कित्ता (३०%) र कम्पनीका संस्थापक शेयरधनीहरुले लगानी गरेको २,२४,००,००० कित्ता (७०%) शेयर (धितोपत्र) समेत गरी जम्मा ३,२०,००,००० कित्ता (१००%) साधारण शेयर धितोपत्र सूचीकरण विनियमावली, २०७५ बमोजिम मिति २०८०/०६/०२ गतेको निर्णयानुसार यस स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरिएको हुँदा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>पुनश्च</u> : मिति २०८०/०६/०२ मा नेपाल स्टक एक्सचेन्ज लिमिटेड र सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड बीच धितोपत्र सूचीकरण सम्झौता सम्पन्न भएको दोस्रो दिनवाट यस स्टक एक्सचेन्ज लिमिटेडमा उक्त कम्पनीको धितोपत्रको दोस्रो बजार कारोबार शुरु हुनेछ । प्रस्तुत कम्पनीको प्रधान कार्यालय काठमाडौं जिल्ला, पुतलीसडक रहेको र सूचीकरण पश्चात् दिनुपर्ने RTS सेवा नेपाल एसबिआई मर्चेन्ट बैकिङ्ग लिमिटेड, ठमेल, काठमाडौंबाट हुने छ ।

सूचीकरण शाखा
नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाडौं ।
फोन नं.: ०१-४२५०७५५/५६/५८

मिति : २०८०/०६/०२